नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
रुपन्देही

☎ प्र.जि.अ.५२०३७०
५२०१५८
५२०१५९
५२११५८
Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या : प्र./०७७/०७८
च.नं. :- १०१०८

मिति २०७८/१/१५

**विषय :- निर्णय पठाईएको सम्बन्धमा ।**

**श्री जिल्ला स्थित सबै स्थानीय तहहरु ।**

मिति २०७८/१/१५ गते प्रमुख जिल्ला अधिकारी श्री अस्मान तामाङज्यूको संयोजकत्वमा बसेको कोभिड-१९ DCCMC को वैठकको निर्णय पाना-१ यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

.............................
प्रशासकीय अधिकृत

**निर्णय:**

नयाँ भेरियन्टको कोरोना भाइरसको संक्रमण दिनानुदिन भयावह रुपमा फैलिदै गएको र रुपन्देही जिल्ला समेत अति प्रभावित भएको हुँदा संक्रमण रोकथाम र नियन्त्रणका लागि २०७८ साल बैशाख १६ गते विहान १:०० बजे देखि २०७८ साल बैशाख ३० गते विहान १:०० बजे सम्मका लागि रुपन्देही जिल्लाभर लागू हुने गरी पूर्ण लकडाउन गरी निषेधाज्ञा सहित निम्नानुसारको सूचना/आदेश जारी गर्नका लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो।

१. अन्तराष्ट्रिय सीमानाकामा भारत लगायत तेस्रो मुलुकबाट स्थलमार्ग हुदै नेपाल प्रवेशलाई पुर्णतया रोक लगाउने। अति आवश्यकीय जनशक्ति सम्बन्धित निकायको अनुरोधमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी गनतव्य विन्दुमा पुऱ्याउन सहजीकरण गर्ने।
२. नेपाल सरकारको निर्णय बमोजिम अत्यावश्यक अवस्थामा नेपाल आउनुपर्ने नेपालीहरुको लागि नेपाल प्रवेश गर्न तोकिएको बेलहिया सीमा नाकाबाट आउने नेपालीहरुलाई बेलहियामा सञ्चालनमा रहेको होल्डिङ्ग सेन्टरमा तापक्रम मापन सहित अभिलेखिकरण गर्ने, एन्टिजेन्ट परीक्षण गर्ने र नकारात्मक रिपोर्ट आएका नेपालीहरुलाई स्थानीय तहमा क्वारेन्टाइन वा आइसोलेसन सम्म पुऱ्याउने।
३. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अन्य अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिहरु घरबाहिर ननिस्कने।
४. शान्ति, सुरक्षा तथा सुव्यवस्था, स्वास्थ्य, खानेपानी, दुध, विद्युत, दमकल, संचार, भन्सार, क्वारेन्टाइन, फोहरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स, स्वास्थ्यकर्मी, औषधी र अत्यावश्यक वस्तु तथा मालसामान ढुवानी गर्ने ढुवानीका साधन जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण पसल, व्यवसाय र सेवा सञ्चालन बन्द गर्ने।
५. एम्वुलेन्स सेवालाइ थप प्रभावकारी वनाउन जिल्लामा रहेका ८३ वटा एम्वुलेन्सलाई कोभिड मैत्री बनाई सञ्चालनमा ल्याउन चालक सघलाई निर्देशन दिने।
६. कोरोना परीक्षण गर्दा संक्रमित व्यक्तिहरुको संख्या बढ्न सक्ने संभावनालाई मध्यनजर राख्दै सबै स्थानीय तहहरुले आपसी सहयोग र समन्वयमा क्वारेन्टिन, आइसोलेसन सेन्टर तथा कोभिड अस्पतालहरुको क्षमता विस्तार गर्ने।
७. सरकारी र निजी अस्पतालका चिकित्सकहरु सम्मिलित Covid-19 Medical Task Force गठन गर्ने।
८. सबै प्रयोगाशालाबाट प्रत्येक दिन परीक्षण गरेको कोभिड रिपोर्ट अनिवार्य रुपले जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र DEOC मा पठाउने।
९. संक्रमणको बढ्दो अवस्थालाई दृष्टिगत गर्दै RT PCR परीक्षणको दायरा बढाउन नयाँ मेसीन खरिद गर्न लुम्विनी प्रदेश सरकारलाई अनुरोध गर्ने।
१०. अति आवश्यकताको आधारमा जिल्ला प्रशासन कार्यालयले सवारी पासलाई व्यवस्थित गर्ने।
११. Testing guideline लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।
१२. आवश्यकताका आधारमा No movement Zone घोषणा गर्ने।
१३. राजनीतिक दलहरुको सहभागितामा Covid Action Team गठन गरी प्रभावकारी रुपमा परिचालन गर्ने।
१४. अति आवश्यकीय सामाग्रीहरु खाद्यान्न, ग्याँस, तरकारी फलफूल र दूध लगायत दैनिक उपभोग्य बस्तुहरुको सहज आपुर्तिको व्यवस्था उद्योग बाणिज्य र व्यापार संघले मिलाउने।

१५. अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सृजना गर्ने , मूल्यबृद्धि गर्ने, जम्माखोरी गर्ने वा लुकाउने वा सहज आपुर्तीमा अवरोध गर्नेहरु उपर कानुन बमोजिम कारवाही हुने छ ।

१६. निषेधाज्ञा अवधिभर अति आवश्यक वस्तुहरुको ढुवानी सहजताको लागि उद्योग वाणिज्य र व्यापार संघले समन्वय तथा सहजीकरण गर्ने ।

१७. औधोगिक प्रतिष्ठानहरुमा हुन सक्ने सम्भावित संक्रमण नियन्त्रण तथा त्यहाँबाट हुन सक्ने संक्रमण विस्तारलाई रोकथाम गर्न तपसिलका सुरक्षा तथा स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्न लगाउने ।

- स्थानीय स्तरसम्मका चालु विकास निर्माणका कार्यहरु तोकिएको मापदण्ड अपनाई सुचारु गर्ने । उक्त कार्यमा आवश्यक ढुवानीका सवारी साधनहरुको पासको व्यवस्था सम्बन्धित पालिकाप्रमुख / प्रशासकीय अधिकृतले व्यवस्था गर्नुपर्ने ।
- श्रमिक र अन्य जनशक्तिहरु अनिवार्य रुपमा कार्यस्थलमै रहनु पर्ने, निजहरुलाई खानाको व्यवस्था कार्यस्थलमै गरिदिनु पर्ने, बाहिर जान र बाहिर रहेका परिवार लागायत अन्य कुनै व्यक्तिसँग सम्पर्क गर्न नदिने
- व्यक्ति ब्यक्ति बिचको भौतिक दुरी कायम राख्ने ।
- स्वास्थ्य सम्बन्धि प्रोटोकल पालना गर्ने ।
- सबै श्रमिकहरुको दैनिक ज्वरो, स्वास्थ्य जाँच गर्ने र मास्क, सेनिटाइजर तथा सावुन पानीको प्रयोग गर्ने ।
- एम्बुलेन्स तयारी अवस्थामा राख्ने व्यवस्था गर्ने ।
- Mild र moderate कामदार संक्रमित भएमा स्वय उद्योगले नै आइसोलेसनको व्यवस्था गर्नु पर्ने ।
- यी प्रावधानहरु पालना गर्ने गराउने जिम्मेवारी उद्योग धनी तथा संचालकको हुने ।
- उक्त कार्यको प्रभावकारीता र अनुगमनका लागी तपसिल बमोजिमको अनुगमन समिति गठन गर्ने ।

| | |
|---|---|
| संयोजक | सहायक प्रमुख जिल्ला अधिकारी |
| प्रहरी नायव उपरीक्षक | नेपाल प्रहरी |
| प्रहरी नायव उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल नं.गण हे २७.क्वा. |
| प्रतिनिधी | उद्योग बाणिज्य संघ |
| प्रतिनिधी | नेपाल पत्रकार महासंघ |

१८.औद्योगिक प्रतिष्ठानहरुको नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाईने । मापदण्ड पुरा नगर्ने उद्योग प्रतिष्ठाहरुलाई संक्रामक रोग नियन्त्रण ऐन, २०२० को दफा ३ को उपदफा १ र २ बमोजिम कारवाही गर्ने र शिलबन्दी समेत गर्ने ।

१९. अस्पतालहरुमा रगतको अभाव हुन नदिन Blood Bank को प्रभावकारी व्यवस्थापन नेपाल रेडक्रस सोसाईटी रुपन्देही र नियमित रक्तदाता संघ,रुपन्देहीले गर्ने ।

२०. कोभिड-१९ को संक्रमण विस्तारलाई नियन्त्रण गर्न सार्वजनिक स्थलहरुमा मास्क नलगाई आवात जावत निरुत्साहित गर्न No Mask No Movement अभियान सन्चालन गर्ने ।

२१.वैंकहरु आवश्यकता र मानवीयताका आधारमा अति संवेदनशील क्षेत्रमा सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्ड पुरा गरी सेवा उपलब्ध गराउने ।

२२.अति गरिव आवश्यकताका जिविकोपार्जन गर्ने नागरिकलाई औचित्व, दैनिक ज्यालादारीका आधारमा राहत उपलब्ध गराउने।

२३.भन्सारवाट हुने माल वस्तुको ढुवानी, चालक, सवारी साधन, कामदार, भरिया, सहचालको सम्पूर्ण व्यवस्थापन - कार्यालयले गर्ने। भन्सार

२४.बिरामीलाई सम्वन्धित स्वास्थ्य संस्था सम्म ल्याई समन्वय र व्यवस्थापन गर्न देहायका पदाधिकारी रहेको PRT (Patient Receiving Team) गठन गर्ने

| | |
|---|---|
| संयोजक | स्वास्थ्य कार्यालय प्रमुख |
| सदस्य | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय |
| सदस्य | प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय |
| सदस्य | प्रहरी निरीक्षक, सशस्त्र प्रहरी बल |
| सदस्य | अध्यक्ष, संयुक्त एम्वुलेन्स चालक संघ |

२५. गर्न नपाईने वा निषेध गरिएका कार्यहरु

- जिल्ला भित्र सबै प्रकारका निजी तथा सार्वजनिक यात्रुबाहक सवारी साधन सञ्चालन गर्न।
- कुनै पनि भेला भिडभाड जम्मा हुनमानिसहरु भेला/, जात्रा सञ्चालन गर्न, महोत्सव, सभा जुलुस गर्न।
- सबै प्रकारका सभा, पार्टी प्यालेस, सिनेमा हल, सेमिनार, तालिम, गोष्ठी, सम्मेलन, सैलुन, मनोरञ्जन स्थल, डिपाटमेन्टल स्टोर, सपिङ्ग महल, व्युटिपार्लर र स्विमिङ्ग पुल, स्पा, संग्रहालय, पुस्तकालय, समूहमा खेल्ने खेलकुद, जिमखाना आदि सञ्चालन गर्न।
- परम्परागत रुपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पुजा बाहेकका सम्पूर्ण धार्मिक साँस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट गर्न।
- शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, भाषा कक्षा, ट्युसन सेन्टर लगायतका जमघट हुने गतिविधिहरु सञ्चालन गर्न।
- होटल/रेष्टुरेण्टहरु सञ्चालन गर्न।

२६.यस आदेशको पालना गर्न गराउनका लागिः

- नेपाल प्रहरी र सशस्त्र प्रहरी वल नेपालका इकाईहरुले स्थानीय जनप्रतिनिधीको समन्वयमा जारी भएका आदेश र निर्णयहरु जानकारी गराउने।
- नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालले picketing, cordoning, mobile foot patrol and striking गर्ने।
- नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको अतिरिक्त स्थानीय प्रशास ऐन, २०२८ को दफा ६ को उपदफा २ अनुसार नेपाली सेनाको समेत सहयोग लिने।
- सवारी पास नभएका सवारी साधनहरुलाइ नियन्त्रणमा लिने।

२७.उल्लेखित आदेशको पालना नगरेमा संक्रामक रोग ऐन, २०२० को दफा ३ को उपदफा १ र २ बमोजिम कारवाही गर्ने

२८.भारतबाट बेलहिया नाका हुँदै बेलहिया नाकामा सञ्चालित होल्डिङ्ग सेन्टरमा आउने यस जिल्ला तथा अन्य जिल्लाका बिभिन्न नागरिकहरुलाई निजहरुको गन्तब्यमा पठाउनका लागि आबश्यक पर्ने सवारी साधन यस जिल्लास्थित रहेका यातायात प्रा.लि.हरुले उपलब्ध गराउने।

२९.लुम्बिनी आयुर्बेद चिकित्शालयद्वारा जिल्लामा सञ्चालनमा रहेका कम्युनिटि आइसोलेसनमा योग अभ्यास तथा प्रशिक्षण कार्यक्रम र आयुर्बेद औषधी उपलब्ध गराउने ।

३०.स्थानीय तहमा रहेका स्वास्थ्यकर्मीहरुलाई होम आइसोलेसनमा रहेका संक्रमितहरुको आवश्यक निगरानी एबम् स्वास्थ्य परामर्शमा खटाउन स्थानीय तहलाई अनुरोध गर्ने ।

३१.परीक्षणको दायरा बढाउन एन्टिजेन बेस्ड आर.डि.टि. स्वास्थ्य कार्यालयले उपलब्ध गराउने, किटको ब्यबस्था गर्न प्रदेश सरकारसँग अनुरोध गर्ने ।

३२.पालिकास्तरमा रहेको CICT लाई स्वास्थ्य कार्यालयको समन्वयमा सक्रिय बनाउन पालिकाहरुलाई लेखि पठाउने ।

३३.यस जिल्लामा रहेका शंकर अक्सिजन ग्यास प्रा.लि., लुम्बिनी अक्सिजन इन्डस्ट्रिज, लुम्बिनी अक्सिजन ग्यास प्रा.लि. र भाजुरत्न ईन्जिनियरिङ्ग एण्ड सेल्स प्रा.लि. ले उत्पादन गरेका अक्सिजन ग्यास औद्योगिक प्रयोजनका लागि विक्रि वितरण नगर्न नगराउन निर्देशन दिने ।

३४.कोरोना संक्रमण रोकथाम नियन्त्रण उपचार तथा ब्यबस्थापन लगायत कार्यका लागि नेपाल सरकार बाट जारी भएका परिपत्र निर्देशन तथा जिल्ला प्रशासन कार्यालयबाट भए गरेका निर्णयहरुको पूर्णतः पालना गर्ने ।